# जातीय समानताको प्रवद्धननमा ववद्यमान

# तथा वनयोवजत उपायहरू

## समाज कल्याण ववभाग

आवश्यकतामा परेका सबै हङकङका बासिन्दाहरुले, आफ्नो राष्ट्रियता वा जातलाई ध्यान नदिई, योग्यता मापिण्ड पूरा गरेसम्म सामाजिक कल्याण सेवाहरूमा समान पहुँचको आनन्द लिन्छन्।

विभिन्न जातका मानिसहरूका लागि जातीय समानता र सामाजिक कल्याण सेवाहरूमा समान पहुँचको प्रावधान गर्नका नम्ति समाज कल्याण सवभाग (SWD) द्वारा अपनाइएका / अपनाउनुपर्ने उपायहरू तल उल्लेख गरिएको छ।

### A. विभिन्न जातिका मानिसहरूले सान्दर्भिक कल्याणकारी सेवाहरूको समान पहुँच गर्न सक्षम पार्ने उपायहरू सम्बन्धित सेवाहरु

**सम्बन्धित सेवाहरु**

- SWD ले विभिन्न जातका मानिसहरूलाई सान्दर्भिक सामाजिक कल्याण सेवाहरूमा समान पहुँच गर्न र सामाजिक कल्याण सेवाहरू प्रयोग गर्ने विभिन्न जातिका मानिसहरूको व्यक्तिगत डेटाको सुरक्षा गर्न सक्षम बनाउने उपायहरू अपनाउँछ।

**विद्यमान उपायहरू**

<u>तथ्याङ्क र विभिन्न जातिका मानिसहरुबारे जानकारीको सन्दर्भ</u>

- कल्याणकारी सेवाको योजना र कार्यान्वयनमा, SWD ले जनगणना र तथ्याङ्क विभाग, अन्य सरकारी विभाग र गैरसरकारी संस्था (NGOs) लगायत विभिन्न स्रोतहरूबाट उपलब्ध जातीय अल्पसंख्यकहरूको तथ्याङ्क र जानकारी सन्दर्भ गरेको छ र विभिन्न जाति मानिसहरुका सामाजिक आवश्यकताहरूलाई राम्रोसुँग बुझ्नको लागि जनवरी 2019 देखि विभिन्न एकाइहरूको दोभाषे र अनुवाद सेवाहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्न सुरु गरेको छ।

<u>विभिन्न जातहरूको भाषाहरूमा हाते पर्चाहरु</u>

- मुख्य सेवाका हाते पर्चाहरु चिनियाँ, अंग्रेजी र अन्य आठवटा भाषा[1] हरुमा उपलब्ध छन्। सजिलो पहुँच र सन्दर्भको सुविधाको लागि तिनीहरूलाई सेवा एकाइहरूमा राखिएको छ र / वा SWD को गृहपृष्ठमा अपलोड गरिएको छ।

[1] अन्य आठवटा भाषाहरू बहासा इन्डोनेससया, हिन्दि, नेपाली, पञ्जाबी, तागालोग, थाई, उर्दु र भियतनामी हन्।

SWD को गृहपृष्ठ

- SWD ले विभिन्न जातका मानिसहरु,  जनता, SWD र NGOs का कर्मचारीहरुद्वारा विभिन्न जतिहरुको भाषामा सान्दर्भिक सेवा जानकारीमा सजिलो पहुँचका लागि SWD को गृहपृष्ठमा "विभिन्न जातिका मानिसहरुका लागि जानकारी" मा सर्टकट आइकन सिर्जना गरेको छ।

दोभाषे सेवा

- SWD ले विभिन्न जातिका मानिसहरुका लागि सामाजिक कल्याण सेवाहरू प्रधान गर्दा उपयुक्त दोभाषे सेवाहरूको व्यवस्था गर्नेछ। कर्मचारीहरुले गृह विभाग र अन्य NGOs हरू, आदि, को कोषको प्रयोग गरेर दोभाषे सेवाहरु प्रदान गर्ने अदालत दोभाषे सेवा, अस्पताल प्राधिकरण द्वारा प्रदान गरिएको दोभाषे सेवा, हङकङ क्रिस्चियन सर्भिक अन्तर्गत एथनिक अल्पसंख्यक बासिन्दाहरूको सद्भाव र वृद्धि केन्द्र (CHEER) जस्ता विभिन्न स्रोतहरूबाट जातीय अल्पसंख्यकहरूको लागि दोभाषे सेवाको प्रयोग गर्न सक्छन्।

वेब क्यामेराको सुविधा

- SWD ले दशवटा सेवा एकाइहरू आवश्यक पर्दा सेवा प्रयोगकर्ता, सामाजिक कार्यकर्ता (विभागीय एकाइहरू र NGOs हरूद्वारा सञ्चालित एकीकृत परिवार सेवा केन्द्रहरू/एकीकृत सेवा केन्द्रहरू सहित) ले त्रिपक्षीय भिडियो सम्मेलन सञ्चालन गर्नको लागि वेब क्यामेरा सुविधाहरु स्थापना गरेको छ।

SWD हटलाइनमा सोधपुछ गने विभिन्न जातिका कलरहरूका लागि तत्काल टेसलफोन दोभाषे सेवामा पहुँच

- SWD हटलाइन <2343 2255> ले विभिन्न जातिका कलरहरूका कल्याणकारी सेवा सोधपुछ सहज बनाउन आठ साझा भाषाहरूमा टेलिफोन दोभाषे सेवाको तत्काल पहुँच प्रदान गरेको छ।

जातीय अल्पसंख्यकहरूका लागि कल्याणकारी सेवाहरू प्रदान गने सन्धर्भमा ध्यान दिनुपर्ने कुराहरु

- SWD ले विभिन्न जातिका सेवा सिने समूहहरूमा सेवा एकताहरूका लागि सन्दभध प्रदान गर्ने उद्देश्यले NGOs हरूद्वारा संचालित सामाजिक कार्यकर्ता/ विभागीय एकाइका सामाजिक सुरक्षा कर्मचारीहरु, एकीकृत परिवार सेवा केन्द्रहरू / एकीकृत सेवा केन्द्रहरू र युवा जन सेवाका सामाजिक  कार्यकर्ताहरुका निमित्त "जातीय अल्पसंख्यकहरूका लागि कल्याणकारी सेवाहरू प्रदान गर्ने सन्दर्भमा ध्यान दिनुपर्ने कुराहरू" (पोइन्ट-टु-नोट) जारी गरेको छ।

यसमा विभिन्न जातिका विभिन्न समूहका सांस्कृतिक अभ्यासहरू र उपयुक्त व्याख्या र अनुवाद सेवाहरू व्यवस्थित गर्ने तरिकाहरु समावेश छन्। SWD ले सेवा एकाइहरूलाई ड्रप-इन / टेलिफोन ह्यान्डल गर्नका लागि  पोइन्ट-टु-नोट, प्रोटोकलहरू र अंग्रेजी लिपिहरूको संक्षिप्त संस्करण पनि दिएको छ। काउन्टर र इनटेक कार्यकर्ताको व्यवस्थापन गने कर्मचारीको सन्दर्भको लागि विभिन्न जातिका मानिसहरुबाट सोधपुछ गर्दछ।

"जातीय अल्पसंख्यकहरूका लागि सहायता र दोभाषे सेवाहरू" सम्बन्धी सूचना

- विभिन्न जातिका मानिसहरुलाई कल्याणकारी सहायता र टेलिफोन दोभाषे सेवाहरू प्राप्त गर्नका लागि उनीहरूको च्यानलहरूको ज्ञान बढाउनका लागि SWD सेवा एकाइहरूले छिर्ने क्षेत्रहरुमा "जातीय अल्पसंख्यकहरूका लागि सहायता र दोभाषे सेवाहरू" मा सूचना पोस्ट गरेका छन्, जुन विभिन्न भाषाहरूमा अनुवाद गरिएको छ।
- साथै, विभिन्न जातिका मानिसहरुलाई सोधपुछ / सेवाहरूका लागि आउँदा उक्त सूचनाको प्रतिलिपि दिइने छ। जानकारी SWD को गृहपृष्ठमा पनि उपलब्ध छ।

सामाजिक कल्याण सेवाहरूको पहुँचमा गैर-भेदभावपूर्ण प्रविष्टि नीति

- SWD को सेवा एकाइहरू, NGOs हरूद्वारा सञ्चालित सेवा इकाइहरू र अनुबंध सेवा अपरेटरहरूले सेवा प्रयोगकर्ताहरूसँग कसरी सेवा प्रविष्ट गर्ने र छोड्ने बारे स्पष्ट र सही जानकारी छ र र प्रवेश नीति भेदभावरहित छ भनेर निश्चित गर्नु सान्दर्भिक सेवा सहमति र सम्झौताहरूको आवश्यकताहरुको पालना गर्ने छन्।

व्यक्तिगत डेटाको संरक्षण

- व्यक्तिगत जानकारी सङ्कलन विवरण चिनियाँ, अङ्ग्रेजी र अन्य आठवटा भाषा[2] हरुमा उपलब्ध छ ताकि विभिन्न जातिका मान्छेहरुले सेवा/सहयोगको लागि सोध्दा SWD कर्मचारीहरुले उनीहरुको व्यक्तिगत डेटा संकलन गर्नको उदेश्य र व्यक्तिगत डेटा (गोपनियता) अध्यादेश अन्तर्गत उनीहरुको व्यक्तिगत डेटा पहुँच र सच्याउन उनीहरुको अधिकार बारे अझ राम्ररी बुझ्न सकुन।

विशेषगरी विभिन्न जातिका मानिसहरुको आवश्यकतालाई सम्बोधन गर्नका लागि डिजाइन गरिएका सेवाहरू

- जातीय अल्पसंख्यकहरूको लागि आउटरिचिंग टोलीले विभिन्न जातिका मानिसहरू संग सक्रिय रूपमा सम्पर्क गर्छन् र आवश्यक परेकाहरूलाई मुख्यधाराको कल्याणकारी सेवाहरूसँग जोड्छन्।

- विभिन्न जातिका मानिसहरू बीच घरेलु हिंसा र यौन हिंसा बारे जनचेतना दिन र ती पीडितहरूलाई मद्दत खोज्न प्रोत्साहित गर्नका लागि सामुदायिक शिक्षा कार्यक्रमहरू।

- बालबालिकालाई उनीहरूको प्रशिक्षणमा सुविधा दिन, उनीहरूका आमाबुवा/हेरचाहकर्तासंगको कुराकानी र/वा परिवारका लागि सामाजिक सहायताको प्रावधानमा अतिरिक्त सहायता उपलब्ध गराउनका लागि विशेष आवश्यकतामा भएका परी-स्कूल जातीय अल्पसंख्यक बालबालिकाहरुलाई भर्ना गर्न विशेष बाल सेवा केन्द्र र प्रारम्भिक शिक्षा तथा प्रशिक्षण केन्द्रहरूका लागि अनुदानको प्रावधान।

- सामुदायिक सेवाहरूको प्रयोगलाई प्रोत्साहित गर्न र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न जिल्ला तथा नजिकका जिल्लाहरूमा अपाङ्गता भएका विभिन्न जातिका मानिसहरू र उनीहरुका परिवार सदस्य र हेरचाहकर्ताहरूलाई अनुकूलित सेवाहरू प्रदान गर्न जातजातिका बढी जनसङ्ख्या भएका जिल्लाहरु (जुन हुन् Central र Western, Kwun Tong, Yau Tsim Mong, Kwai Tsing र Yuen Long) मा रहेका पाँच अभिभावक/आफन्त स्रोत केन्द्रहरूमा विशेष जातीय अल्पसंख्यक एकाइहरू स्थापना गर्ने।

[2] अन्य आठवटा भाषाहरू बहासा इन्डोनेससया, हिन्दि, नेपाली, पञ्जाबी, तागालोग, थाई, उर्दु र भियतनामी हन्।

**भविष्यको कामको लागि मुल्याङ्कन**

विभिन्न जातिहरुको भाषाहरुमा हाते पर्चाहरु

- SWD ले कर्मचारी र सेवा प्रयोगकर्ताहरुबाट नियमित रूपमा हाते पर्चाहरुमा प्रतिक्रिया सङ्कलन गर्न जारी राख्नेछ।

SWD को गृहपृष्ठ

- SWD ले नियमित रुपमा कर्मचारी र सेवा प्रयोगकर्ताहरुबाट SWD को गृहपृष्ठमा प्रतिक्रिया सङ्कलन गर्न जारि राख्नेछ।

सामाजिक कल्याण सेवाहरुमा पहुँचमा गैर-भेदभावपूर्ण प्रविष्टि नीति

- SWD को सेवा एकाइ, NGOs हरुद्वारा सञ्चालन गरिएका सबभेन्टेड सेवा एकाइहरु र करार सेवा सञ्चालकहरुले चालु मुल्याङ्कनमार्फत माथि उल्लेख गरिए अनुसार निरन्तर रुपमा गैर-भेदभावपूर्ण प्रविष्टि नीतिमा उनीहरुको अनुपालनाको अनुगमन गरिरहने छन्।

जातीय समानता प्रवर्द्धनका लागि सूचक (हरु)

- SWD ले जातीय समानतालाई प्रवर्द्धन गर्न जारि राख्नेछ र स्थापित सूचक (हरु) को उपलब्धि डर (हरु) को नियमित रुपमा अनुगमन गर्नु र प्रभावकारिताको समिक्षा गर्ने पनि एउटा मध्यम हो।

**थप लिनु पर्ने उपायहरु**

- SWD ले जारी गर्ने कुराहरु –
  - मुख्य कल्याणकारी सेवाहरू कभर गर्न थप सेवा पुस्तिकाहरू अनुवाद गर्नु र उपयुक्त रूपमा SWD को गृहपृष्ठमा अपलोड गर्नु;
  - आवश्यकता अनुसार विभिन्न जातिका भाषाहरूमा सेवा जानकारी र पर्चाहरू अद्यावधिक गर्नु; र
  - विभिन्न जातिहरूको भाषाहरूमा नयाँ सेवा पुस्तिकाहरू उत्पादन गर्नुहोस् र आवश्यक पर्दा SWD को गृहपृष्ठमा अपलोड गर्नु।

विभिन्न जातिका मानिसहरूको आवश्यकतालाई सम्बोधन गर्न विशेष रूपमा डिजाइन गरिएका सेवाहरू

- SWD ले विशेष रूपमा विभिन्न जातिका मानिसहरूको आवश्यकतालाई सम्बोधन गर्न सेवाहरू प्रदान गर्न जारी राख्नेछ, उदाहरणका लागि, EM जिल्ला राजदूतमा पायलट योजना।

## B. SWD, NGO र करार सेवा इकाईका कर्मचारीहरूको लागि तालिम

**सम्बन्धित सेवाहरु**

- जातीय समानताको सम्बन्धमा SWD / NGOs/ अनुबंध सेवा एकाइहरूको कर्मचारी जागरूकता, समझ र संवेदनशीलता बढाउन।

**विद्यमान उपायहरू**

- SWD ले जारी गर्ने कुराहरु –
  - SWD का कर्मचारीहरूका लागि जातीय भेदभाव अध्यादेश (RDO) र सम्बन्धित दिशानिर्देशहरूमा प्रशिक्षणको व्यवस्था गर्ने;
  - SWD स्टाफको सन्दर्भको लागि SWD को इन्ट्रानेटमा सान्दर्भिक दिशानिर्देशहरू अपलोड गर्नु र SWD कर्मचारीहरू र NGOs हरूको सजिलो पहुँचको लागि ई-लर्निङ सेन्टरमा प्रशिक्षण सामग्रीहरू अपलोड गर्ने;
  - विभिन्न जातिका मानिसहरूको संस्कृति, जीवनशैली र आवश्यक सेवाहरूका बारेमा SWD, NGOs र करार सेवा इकाईका कर्मचारीहरूलाई ज्ञान र संवेदनशीलता अभिवृद्धि गर्न तालिम कार्यक्रमहरू सञ्चालन गर्ने; र
  - निजामती सेवा प्रशिक्षण तथा विकास संस्थान, समान अवसर आयोग वा सम्बन्धित निकायहरूद्वारा आयोजित RDO र सम्बन्धित दिशानिर्देशहरू, जातीय संवेदनशीलता र सांस्कृतिक विविधतासम्बन्धी प्रशिक्षण पाठ्यक्रमहरूमा भाग लिन SWD का कर्मचारीहरूलाई प्रोत्साहित गर्ने।

**भविष्यको कामको लागि मूल्याङ्कन**

- SWD ले जारी गर्ने कुरा हरु –
  - वार्षिक रूपमा सञ्चालन हुने सम्बन्धित प्रशिक्षण गतिविधिहरूको संख्या, र सहभागीहरूको संख्या र ग्रेड / श्रेणीको डेटा सङ्कलन र विश्लेषण गर्ने;
  - सञ्चालन गरिएका प्रशिक्षण गतिविधिहरूमा सहभागीहरूबाट प्रतिक्रिया सङ्कलन गर्ने; र
  - कस्ता प्रशिक्षण कार्यक्रमहरू प्रस्ताव गर्नुपर्छ भन्ने बारे कर्मचारीहरूबाट सुझावहरू आमन्त्रित गर्ने ।

## सार्वजनिक सोधपुछ

जातीय समानताको प्रवर्द्धनमा अवस्थित र योजनाबद्ध उपायहरुको बारेमा सोधपुछको लागि कृपया निम्न च्यानलहरु मार्फत अधिकारीहरुलाई सम्पर्क गर्नुहोस्,

1) श्री छेउङ्ग का-वान (CHEUNG Ka-wan), संस्थागत योजना तथा समन्वय शाखाको सामाजिक कार्य अधिकारी (संगठन समन्वय)

| | | |
|---|---|---|
| टेलिफोन नम्बर | : | 2152 9305 |
| फ्याक्स नम्बर | : | 2116 9070 |
| इमेल | : | cpcsenq@swd.gov.hk |
| पोस्टल ठेगाना | : | 8/F, Wu Chung House, 213 Queen's Road East, Wan Chai, Hong Kong |

2) सुश्री क्याथी टाङ (Cathy TANG), परिवार सेवा खण्डको सामाजिक कार्य अधिकारी (परिवार) 6

| | | |
|---|---|---|
| टेलिफोन नम्बर | : | 2892 5179 |
| फ्याक्स नम्बर | : | 2833 5840 |
| इमेल | : | fcwenq@swd.gov.hk |
| पोस्टल ठेगाना | : | 8/F, Wu Chung House, 213 Queen's Road East, Wan Chai, Hong Kong |

**समाज कल्याण विभाग**
**जुन 2024**